स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायक तथा स्टेज पर्फमर दुर्गेश थापा साङ्गीतिक प्रस्तुतिका लागि मंगलबार अमेरिका उडेका छन्। अमेरिकाका विभिन्न ११ सहरको कार्यक्रममा भाग लिन मंगलबार साँझ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अमेरिका उडेका हुन्। दुर्गेश नोभम्बर २२मा डल्लास टेक्सासमा पुगेर सकिनेछ। त्यो बिचमा उनले न्युओर्क, बाल्टिमोड, कोलम्बस, कोलोराडो लगायतका ठाउँमा ११ स्टेजमा प्रस्तुति दिने आयोजकले जानकारी दिएको छ।

**आजको विचार...**



जनतालाई...

(दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



अभिनेता विजय बरालले फिल्ममै भएपनि दयाहाङ राईसँग घम्साघम्सी र टकराब लिन केही कठिन भएको बताए । फिल्म 'वरिष्ठ बलराम'मा आफ्नो र दयाहाङको घम्साघम्सी कथामा निर्माण भएको उनको भनाई छ। फिल्म सामान्य व्यक्तिबाट वरिष्ठ हुन चाहना राख्ने सोचको कथा भएको उनी बताउँछन्। कथा अनुसार अग्रज र मैले मान्ने दयादाइ घम्साघम्सी गर्नुपर्ने थियो। के गरौं, कसरी गरौं भन्थें। 'अग्रज र सधैं सम्मान गर्ने कलाकार भएकाले केही अड चाहिँ हुने रहेछ।'

❒ वर्ष ३१ अंक ८५ ❒ २०८२ असोज ३० गते बिहीबार 16 october 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# धमाधम सुक्न थाले ताल

## संरक्षणमा चुनौती

**रासस**

**ढोरपाटन (बागलुङ),** असोज २९/ बागलुङमा ताल सुक्दै गएपछि संरक्षणमा चुनौती बढेको छ । ढोरपाटन नगरपालिका-९ स्थित रुद्रताल, तमानखोला-२ स्थित बराहताल, जैमिनी-३ स्थित गाजा दह (ताल), काठेखोला-४ को खोरताल र बागलुङ-१० स्थित बराहतालमा पानी सुक्दै गएपछि संरक्षणमा चुनौती बढेको हो ।

गाउँ तथा नगरपालिकाले संरक्षण गर्नका लागि डोजर चलाएपछि तालमा पानीको सहत घटेर सुक्न थालेका हुन् । एक दशक अगाडिसम्म बागलुङका ग्रामीण क्षेत्रमा सडक पुगेका थिएनन् । जब गाउँ-गाउँमा मोटरबाटो पुगे त्यसपछि तालमा पानी कम हुँदै गएको ढोरपाटन नगरपालिका-९ का धनबहादुर पुनले बताए । नेपालको एकमात्र सिकार आरक्ष ढोरपाटन जाने सडक छेउमै रहेको तालले पर्यटकलाई आकर्षित गर्दै आएको थियो । तर सात वर्ष अगाडि नगरपालिकाले ताल वरपर डोजर लगाएपछि करिब ९० प्रतिशत पानी सुकेको उनको भनाइ छ । पुनले भने, "पहिले रुद्राताल ठूलो थियो, धार्मिक आस्थाका हिसाबले यहाँ पूजाआजा गर्दा मनोकांक्षा पूरा हुन्छ भन्ने मान्यता



थियो, यहाँको जलले स्नान गर्दा शरीरमा कुनै पनि रोग लाग्दैन भन्थे, अहिले त पानी सुकेर हिलोमात्र छ, जब यहाँ डोजर लगाएर सम्याउने काम भयो, त्यसपछि तालको पानी सुक्यो, अहिले त नामको मात्र ताल छ, तालमा पानी छैन ।" जैमिनीको गाजा दहमा पनि डोजर लगाएपछि झण्डै ४० प्रतिशत पानी घटेको स्थानीयको दाबी छ । चार वर्ष अगाडि डोजर लगाएर तालको क्षेत्रफल विस्तार गरिएको थियो । काठेखोला गाउँपालिका-४ तङ्गामस्थित खोरताल ६ वर्ष अगाडिसम्म पानीले भरिभराउ थियो । तालको बीचमा जमेको पानी बाह्रै महिना रहन्थ्यो । तर अहिले तालमा पानी होइन कमिला डुल्छन् । आर्थिक वर्ष २०७९/८० काठेखोला गाउँपालिकाले डोजर लगाएर कङ्क्रिटको पर्खाल लगाएपछि ताल सुकेको स्थानीय गङ्गाबहादुर किसानको भनाइ छ । गाउँमा जथाभावी सडक निर्माण र तालमा डोजर लगाएपछि पानी रित्तिएको उनी बताउन्छन् ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### अमेरिकी आक्रमण ६ को मृत्यु

**(रासस/एपी)**

**वाशिङ्टन,** असोज २९/अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुएलानजिकै समुद्रमा लागूपदार्थ ओसारिरहेको आशङ्कामा एक सानो डुङ्गामाथि गरिएको हवाई आक्रमणमा ६ जनाको ज्यान गएको पुष्टि गरेका छन् । राष्ट्रपति ट्रम्पका अनुसार यो डुङ्गा 'नार्कोटेररिस्ट नेटवर्क' सँग सम्बन्धित थियो र एक चिनिएको लागूपदार्थ मार्गमा रहेको खुफिया सूचनाका आधारमा लक्षित गरिएको हो । उक्त आक्रमणको भिडियो सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिएको छ, जसमा डुङ्गा एक प्रक्षेपास्त्रको प्रहारबाट विस्फोट भएको देखिन्छ । आक्रमणपश्चात डुंगा आगलागी भएको अवस्थामा देखिन्छ । अमेरिकी पक्षका कुनै पनि सुरक्षाकर्मीलाई क्षति पुगेको छैन । यो आक्रमण हालसम्म ट्रम्प प्रशासनद्वारा गरिएका यस्ता पाँचौं कारबाहीमध्ये एक हो, जसमा राष्ट्रपति प्रशासनले लागूपदार्थ ओसारपसारमा संलग्नहरूलाई 'अवैध लडाकु'को रूपमा मान्दै सैन्य कारबाही गरिरहेको छ । पूर्व अमेरिकी राजदूत जेम्स स्टोरीले यस्ता आक्रमणहरूले अमेरिका र त्यसका साझेदार राष्ट्रहरूबीचको खुफिया साझेदारीमा नकारात्मक असर पर्न सक्ने बताएका छन् । यसैबीच अमेरिकी संसदमा पनि यस विषयमा बहस चर्किएको छ । केही सांसदहरूले राष्ट्रपति ट्रम्पले यस्ता कारबाही गर्न कानुनी अधिकार राख्दैनन् भनी जिकिर गरेका छन् ।

# छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु

**पाल्पा,** असोज २९/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा पाँच जनाको मृत्यु भएको छ र केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सवारी दुर्घटना, डुबेर र अन्य कारणबाट पाँच जनाको अकालमै ज्यान गएको हो र

रूपन्देहीको ओमसतिया गाउँपालिका-४ बसन्तपुरस्थित सडकमा सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ र प्र.३-०१-००२२ च ३७१५ नम्बरको कारलाई हाल नम्बर नखुलेको सवारी साधनले ठक्कर दिँदा कार चालक मायादेवी गाउँपालिका-८ बस्ने ५५ वर्षीय राजु विश्वकर्माको मृत्यु भएको प्रहरीले जनाएको छ र दुर्घटनामा गम्भीर घाइते भएका उनको भिम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो र प्रहरीले हाल फरार सवारी साधनको खोजी गर्नुका साथै दुर्घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ र यस्तै डुबेर एक बालकको मृत्यु भएको छ र जीतपुर सिमरा उपमहानगरपालिका-६ स्थित बकुलिया खोलामा डुबेर सोही उपमहानगरपालिका-७ चौधरी टोल डेरा गरी बस्ने रामलाल माझीको ३ वर्षिय छोरा दिपक माझीको मृत्यु भएको हो र



डुबेर अशक्त भएका उनको नारायणी अस्पताल वीरगंज पर्सामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ र यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ र यस्तै मृत अवस्थामा तीन जनाको शव फेला परेको छ र काठमाडौंको तारकेश्ुवर नगरपालिका-४ लोलाङ हाईटमा एक जनाको शव फेला परेको छ र सोही ठाउँमा डेरा गरी बस्ने काठमाडौं महानगरपालिका-१३ बसन्तपुर घर भएका ५५ वर्षीय आफुल महर्जन आफ्नै कोठामा मृत अवस्थामा फेला परेका हुन् र यस्तै मोरङको जहदा गाउँपालिका-५ केवरतटोलमा अर्का एक जना मृत भेटिएका छन् र सोही ठाउँमा बस्ने ६० वर्षीय सतन महतो घर नजिकै रहेको पोखरीमा मृत अवस्थामा फेला परेका हुन् र यस्तै म्याग्दीको मालिका गाउँपालिका-६ छ्याछ्यारेस्थित दरवाङ म्याग्दी खोला हाईड्रोपावरको आउटलेट सुरूङ अगाडि सोही गाउँपालिका-६ उपल्लो दरवाङ बस्ने ६२ वर्षीय सुबिलाल केसी मृत अवस्थामा फेला परेका छन् र घटनाका विषयमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

**हात धोऔं, रोगको सङ्क्रमणबाट बचौं ।**

-सधैं साबुन र पानीले हात धोऔं.

-खाना खानु अघि र पछि हात सफा राखौं,

-शौचालय प्रयोग गरेपछि अनिवार्य हात धुने गरौं,

-खोक्दा, फोहोर वस्तु समातेपछि हात सफा गरौं,

-रोग लाग्नबाट बच्न हातधुने अभ्यासलाई आत्मसाथ गरौं,

-बालबालिकालाई हातधुन सिकाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

## सम्पादकीय

# विश्व खाद्य दिवस र यसको सार्थकता

विश्व खाद्य दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी आज मनाइँदै अछ । यो हरेक वर्षाको १६ अक्टोवरमा मनाउने गरिन्छ । खाद्यान्न संकट तथा भोकमरिविरुद्ध लड्ने संयुक्त प्रतिवद्धताका साथ संसारभर यो दिवस मनाउने गरिएको पाइन्छ । संयुक्त राष्ट्र संघको विशिष्टिकृत निकाय खाद्य तथा कृषि संगठनको प्रस्तावलाई राष्ट्र संघले पारित गरेसँगै सन् १९८१ देखि यो दिवस मनाइँदै आइएको हो । सन् १९५१ नोभेम्बरमा खाद्य तथा कृषि संगठनको सदस्यता पाएको नेपालले २०३८ साल ( सन् १९८१) देखि यो दिवस मनाउँदै आएको छ । नेपालले मनाएको पहिलो खाद्य दिवसको नारा 'उब्जनी बढाऔं, सन्तुलित खाना खाऔँ, बढी जोगाऔँ' थियो तर नारा र घोषणामा प्रतिवद्धता जनाए अनुरुप नेपालले कृषि तथा खाद्यान्न उत्पादन, सञ्चिती र वितरणमा भने खासै प्रगति गर्न सकेको छैन । यो अत्यन्त दु:खको कुरा हो ।

कृषि प्रधान देश भनिएको नेपाल अहिले पनि कृषि उत्पादन र उपभोगमा आत्मनिर्भर हुन सकिरहेको छैन । वार्षिक झण्डै ५० अर्ब हाराहारीको कृषि उपज विभिन्न देशहरुबाट नेपालले आयात गरिरहेको छ । ६० प्रतिशत कृषि व्यवसाय र ५८ प्रतिशत कृषियोग्य भूमि रहेको कृषि प्रधान देश भनिएको नेपाल कृषिजन्य निर्यातमा होइन आफ्नै उत्पादनले आत्मनिर्भर बन्न सकिरहेको छैन । स्वदेशी उत्पादनले उपभोगको करिब ७० प्रतिशत पनि धान्न सकिरहेको छैन ।

प्रमुख खाद्यान्नमा पर्ने धान, मकै, गहुँ, कोदो, जौ, फापरमै नेपाल आत्मनिर्भर हुन सकिरहेको छैन । अहिले नेपालमा सजिलै उत्पादन हुने गेडागुडी, मासु, तरकारी र फलफूल समेत आयातको सूचीमा छन् । समृद्धिको भाषण गर्न नथाक्ने नेताहरुको प्राथमिकतामा कृषि कहिल्यै परेन । राष्ट्रवादका नाराले मात्र कृषि उत्पादन बढेन, भोका किसानको पेट भरिएन, न त युवा किसानको खाडी यात्रा नै रोकियो । कृषिको दीर्घकालीन रुपान्तरणका लागि समयमै आवश्यक पहल गर्न नसक्ने हो भने केही वर्षपछि हामीले खाद्यान्न आयात दिवस मनाउनुपर्ने छ । यसर्थ बर्सेनि मनाइने खाद्यान्न दिवसमा सबैभन्दा पहिले स्रोत–साधनमा पहुँच नभएका, रातदिन कृषि कर्ममा समर्पित तर सधैं खाद्यान्न अभाव भोगिरहेका लाखौं नेपाली किसानको आवश्यकता परिपूर्तिका लागि हामीले कति सार्थक प्रयत्न गरेका छौं भन्ने कुरा मनन् गर्नु आवश्यक छ । त्यसो गर्न सके मात्र खाद्य दिवस मनाउनुको सार्थकता रहन्छ ।

## Opinion @ Social Network

मान्छेमा गुण ३२ होइन बस चार हुनुपर्छ
सुन्दर मन,सफा नियत
सुन्दर व्यवहार र इमान्दार ।

*(सागर गाहाको फेसबुक स्टाटसबाट www.facebook.com/Sagar.Gaha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जनतालाई आशावादी बनाउने कसले ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

*जनतामा आशा र सम्भावना हैन झन निराशा बढ्दै गयो । गणतान्त्रिक शाशन व्यवस्थाको करीब दुई दशक समय वेथित हुँदै गर्दा देश इतिहासमै सबै भन्दा कमजोर, बाह्य हस्तक्षेप तिव्ररुपमा बढ्दै गयो संघीयताको नाममा देश आर्थिक रुपमा कहिलै उठ्न नसक्ने स्थितिमा पुग्यो । भ्रष्टाचार, बेथिती, राजनीतिक आरक्षण, ढाकछोपमै महत्वपूर्ण समयहरु बेथित भए । जनता र देशहितको नारा लगाउदै, खोक्रो राष्ट्रवाद भजन गाउँदै विधिको शाशन र कानुनी शाशनको उपहासमा दलहरु प्रतिस्पर्धी जस्तै देखिए । स्वेच्छाचारीतालाई बढाउदै लग्न थाले । जस्तो सुकै भ्रष्टाचार, जस्तोसुकै अपराधमा आफ्नालाई बचाउन र पराईलाई फसाउनमा शक्तिशाली भनिएका सरकारहरु लाग्न थाले ।*

जनताको साशन व्यवस्था गणतन्त्र र राज्यको नयाँ सरचनाको नाममा देश हित विपरीत राज्य स्रोतको दोहनको श्रृखला चलेको करीब दुई दशक पुरा भएको छ । सो अवधिमा विकासको बाधक मानिएको राजतन्त्र शाशन व्यवस्थामा जस्तो पनि जनता र देशले न्याय र एकता पाउन सकेको देखिदैन् । राजनीतिक दल र तीनका वरपर नाच्ने केहि वर्ग र समूहलाई यस व्यवस्थाले फलिफाप गरेता पनि आम जनता र देशलाई भने विगतदेखि वर्तमान साशन व्यवस्थाले खासै आशा र सम्भावनाको किरण छर्न सकेको देखिदैन् । जनताले भने दैनिकी सुधार हुने र देशमा समृद्धिको आधारतय हुने आशमा हरेक साशन व्यवस्था ल्याउनका लागि साथ दिदै आएको विगत हामी माझ जिबितै रहेको छ । एक पछि अर्को आन्दोलन ,साशन व्यवस्थाले देश विकास र समृद्धिको दिशामा हैन आन्तरिक र बाह्यरुपमा दिनप्रति दिन कमजोर हुँदै गएको देखिन्छ भने जनताको दैनिकीमा खासै सुधार र आशाका संकेत पनि देखिदैनन् । जनता एक पछि अर्को अप्ठ्यारो परिस्थितिको सामाना गर्दै जानु परेको छ । १०४ बर्षे जहानीया राणा साशनको अन्त्य र प्रजातन्त्रको पुर्नस्थापनादेखि जनयुद्ध ,गणतन्त्र र पछिल्लो जेनजी आन्दोलन सम्मका कारण फेरिएका साशन व्यवस्था र सरकारले जनतामा भने भरोसाका किरण भने छर्न सकेको देखिदैन् । पछिल्लो जेनजी आन्दोलनबाट बर्षौंदेखि स्थायीरुपमा रहेका बेथितिको अन्त्यका लागि महत्वपूर्ण योगदान दिने जुन आशा जनताले लिएका थिए त्यो आशा पनि आजका दिन सम्म आईपुग्दा पुरा हुने कुनै आधार देखिदैन् । त्यो विद्रोह कतै एक थान सरकार निर्माणमा मात्रै सिमित हुने हो की प्रश्न उत्पन्न भएको देखिन्छ । विगतदेखि वर्तमान सम्मका आन्दोलन, युद्ध, विद्रोहले जनतामा देश बन्ने, समृद्ध आउने आशावादी बनाउन सकेको देखिदैन् । यी र यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

**देश विगतदेखि वर्तमान सम्म :** १०४ बर्षे राणा साशनको अन्त्य भएर जनताको हातमा साशन व्यवस्था भएमा देश र जनताको मुहारमा फेरिने आशमा बदिलानी गरेका जनतालाई स्थापित प्रजातन्त्र र जनताको साशनले खासै आशा जगाउन सकेन राजा महेन्द्रले वि.स २०१७ सालमा प्रजातन्त्रको कु गरी पञ्चायती साशन व्यवस्था अबलम्वन गरे जसको कारण निशासिएका जनताले वि.स २०४६ /०४७ मा प्रजातन्त्रको पुन:स्थापनाका लागि बलिदानी र आन्दोलनमा होमिए यस साशन व्यवस्थापछि पनि जनताले आशा अनुशारको साशन व्यवस्थामा सुधार देख्न सकेनन् । साशन व्यवस्थामा राजनीति खिचातानी, राजनीतिक अस्थिरता, सरकार परिवर्तनको दरमा तीव्रता आयो । घात अन्तरघातको श्रृखला चल्यो । बढ्दो असन्तुष्टिकाबिच वि.स.२०५२ बाट दश बर्ष माओवादीले जनयुद्ध सञ्चालन गर्यो देश फेरि भय र हत्याहिंसाको अवस्थामा गुजरिन बाध्य भयो । देशमा फेरि निराशाको बादल छायो । वि.स २०६३/०६४ मा जन आन्दोलन भयो जसको परिणामा स्वरुप दश बर्षे जनयुद्धको अन्त्य भयो देशमा फेरि आशाका किरणहरु छाउन थाले तर त्यो आशा निराशामा परिणत हुन् धेरै समय लागेन गणतान्त्रिक साशन व्यवस्थामा राजनीतिक दल नेतृत्वले आशा र भरोसा दिने वातावरण दिन सकेनन् । दिन दुई गुना रात चौ गुना भने झैं बेथिती र आन्तरिक र बाह्य रुपमा देश कमजोर बनाउने श्रृखला चलिरहयो । प्राथमिकतामा देश र जनता परेनन् मात्रै पर्‍यो राजनीतिक स्वार्थ । जनतामा आशा र सम्भावना हैन झन निराशा बढ्दै गयो । गणतान्त्रिक साशन व्यवस्थाको करीब दुई दशक समय वेथित हुँदै गर्दा देश इतिहासमै सबै भन्दा कमजोर, बाह्य हस्तक्षेप तिव्ररुपमा बढ्दै गयो संघीयताको नाममा देश आर्थिक रुपमा कहिलै उठ्न नसक्ने स्थितिमा पुग्यो । भ्रष्टाचार, बेथिती, राजनीतिक आरक्षण, ढाकछोपमै महत्वपूर्ण समयहरु बेथित भए । जनता र देशहितको नारा लगाउदै, खोक्रो राष्ट्रवाद भजन गाउँदै विधिको साशन र कानुनी साशनको उपहासमा दलहरु प्रतिस्पर्धी जस्तै देखिए । स्वेच्छाचारीतालाई बढाउदै लग्न थाले । जस्तो सुकै भ्रष्टाचार, जस्तोसुकै अपराधमा आफ्नालाई बचाउन र पराईलाई फसाउनमा शक्तिशाली भनिएका सरकारहरु लाग्न थाले । यी उल्लेखीत पक्षका केहि जनतामा निराशा र केहिमा आक्रोश उत्पन्न हुँदै गएको थियो भने बेलुनमा भरिएको हावा जस्तो अवस्थामा रहेका जनता कुन बेला बिस्पोष्ट हुने हो भन्ने अवस्थामा थिए । नभन्दै दुई तिहाईको शक्तिशाली सरकारको मुटुमै प्रहार गर्ने गरि भाद्र २३ र २४ गते २९ घण्टे जेन जी आन्दोलनले त्यो दम्भ र घमण्डलाई छिनभरमै शुन्यमा झार्ने अवस्थामा पुर्‍याइदियो । प्रमुख सुरक्षा घेरामा रहेका राष्ट्रपति, प्रधानमन्त्री ज्यान बचाउनका लागि भागेर सेनाको क्याम्पमा जानुपर्ने स्थिती उत्पन्न भयो । देशको प्रमुख प्रशासकीय केन्द्र सिंहदरबार, सर्वोच्च अदालत लगाएतका कार्यालय, उद्योग व्यवसाय, सार्वजनिक नीजि सम्पत्ती आगजनी र तोडफोड यस आन्दोलनको सबै भन्दा विकृत्तरुप भएता पनि राजनीतिक दल र तीनका नेतृत्वको कानमा भने खतराको घण्टी भने बझाउन यो आन्दोलन सफल भएकै देखिन्छ । अब परम्परा र बेथितीमा रमाउने प्रवृत्तीको अन्त्य यस आन्दोलनले गराएको देखिन्छ ।

**जेन जी युवा बिद्रोह र अबको यात्रा :** यस अगाडिको देशमा घटेका सबै आन्दोलन, दश वर्षे जनयुद्धलाई बिर्साउने गरी भएको जेन जी युवा बिद्रोह देशकै मुटुमै प्रहार गर्न सक्ने ,यथास्थितीमै केहि आसेपासेको सल्लाहमा कुम्भकर्ण झैं निदाएका राजनीतिक दल, उच्च पदस्थ व्यक्तिलाई बिउझाउने गरि फेरि कहिल्यै निदाउन नसक्ने गरि गरिएको अप्रत्यासित, अकल्पनीय बिद्रोह हो । आन्दोलन र भिडले संविधानका शब्द पढ्दैन्, कानुनका अक्षर जान्दैन् भने झैं केही विध्संतात्मक कार्य भएता पनि यस आन्दोलनले अबलम्वन गरेको उद्देश्य पूर्ति गर्नु अनिवार्य सर्त रहेको देखिन्छ । मात्रै एक थान सरकार बनाउन, फेरि एउटा चुनाव गराउन र फेरि परम्परावादीलाई अवसर र रमाउने वातावरण तयार गर्न मात्रै यो बिद्रोह भएको हो भन्ने प्रमाणित हुनुहुदैन् । बर्षौंको बेथिती अन्त्य हुनुपर्दछ, आन्तरिक र बाह्यरुपमा देश बलियो हुनुपर्दछ, देश भित्र एकता कायम हुनुपर्दछ, जनताको अवस्था र दैपनकीमा सुधार हुनुपर्दछ । देश आर्थिक रुपमा बलियो बन्दै जाने आधारहरुको खोजी गर्नु पर्दछ । यसतर्फ युवा नेतृत्वले ध्यान दिन जरुरी देखिन्छ ।

जेनजी युवाको नाममा भएको विद्रोह नेपालको इतिहासमै फरक र कहाली लाग्दो बिद्रोह हो । यसलाई कम आकलन गर्ने कार्य नेपालका राजनीतिक दलले गर्नु हुँदैन् । व्यक्तिगत इगो र अहमतालाई प्राथमिकतामा राखेर देशमा द्वन्द्वको आगो सल्काउनु हुँदैन् भने जनतामा युवा बिद्रोहबाट उत्पन्न परिस्थितीले जनतामा उत्पन्न निराशामा केहि आशाका किरणहरु देखाउन सफल हुनु पर्दछ । बढ्दो करको भारमा कटौती, राजनीतिक नियुक्तिका नाममा असक्षम जाने बाटो बन्द हुनुपर्दछ, सक्षम नियुक्ति हुने आधार तय हुनुपर्दछ । तीन तहका सरकारका नाममा बढ्दो आर्थिक व्ययभार अन्त्य हुनुपर्दछ । राज्यको संरचनालाई मितव्ययी बनाउनेतर्फ लाग्नु पर्दछ । पेशामा रुपान्तरण हुँदै गएको राजनीतिलाई सेवामा परिणत गर्नुपर्दछ । देशभित्रै रोजगारी सिर्जनालाई प्राथमिकतामा राखि बढ्दो वैदेशिक रोजगारीको दरलाई कटौती गर्नु पर्दछ । भ्रष्टाचारमा शुन्य सहनशिलता कायम गर्नु पर्दछ । उच्च पदस्थ कर्मचारी, राजनीतिक नेतृत्व, मन्त्री लगायत सबै विशिष्टलाई छानविनको दायरामा ल्याउनु पर्दछ । तर यी पक्षहरुमा सरकारले कदम चालेर जनतालाई आशावादी बनाउन सकेको देखिदैन् । संविधानका निर्जीव शब्द र फाल्गुणको चुनावलाई देखाएर यो सरकार पनि भाग्न खोजेको देखिन्छ । यसो भएमा यो युवा विद्रोह पनि विगतमा जस्तै जनतामा आशा जगाउन नसक्ने देखिन्छ ।

**निष्कर्ष :** जहानीया राणा साशनको अन्त्य हुँदै वर्तमान जेनजी आन्दोलनसम्म आई पुग्दा जुन उद्देश्यले यी आन्दोलन र बिद्रोहहरु भएका थिए ती सबै असफल जस्तो देखिन्छन् । अहिलेसम्मको विश्लेषणमा जेनजी आन्दोलन पनि यहि दिशा लिएको हो की ? आशंका उत्पन्न भएको छ । कुनै एक व्यक्तिको स्वार्थ परिपूर्ती गर्न, सरकार बनाउन मात्रै यस्ता विध्संकारी बिद्रोहको उद्देश्य बनाइएको मात्र हो भने यो देशका लागि धेरै वर्ष पछाडी धक्केलदिने आधार मात्रै खडा गर्दछ । न त यी आन्दोलन, बिद्रोह र प्रर्दशनले जनताका लागि आशा दिन सक्छन् न त देश विकास र समृद्धि नै । जनतामा उत्पन्न आशा र कल्पनालाई निराशामा परिणत गर्ने यस्ता कुनै बिद्रोह देशका लागि आघात बाहेक अरु केहि हुने देखिदैन् । त्यसैले देश भित्रका सबै नागरिक, कर्मचारीतन्त्र, राजनीतिक नेतृत्वले स्वार्थ र अहंम्ता त्यागी देशहित मात्र सोचेर योजना, निर्णय र कार्य गर्न सकेमा आगामी दिनमा जनताले यस्ता अशान्ती र बिद्रोह देख्न पर्ने थिएन् भने बढ्दो निराशाहरु आशामा परिणत हुने थिए की ? ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२११२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विवादास्पद मामलाहरू सुल्झिनेछन्। व्यवसायमा साथ र सहयोग मिल्नेछ। | **तुला** : आफन्तहरूको साथ र सहयोग मिल्ला। आर्थिक पक्ष सामान्य रहनेछ। |
| **वृष** : पशुपालनबाट लाभ आर्जन गर्न सकिएला। अध्यापनमा सफलता मिल्नेछ। | **बृश्चिक** :कार्यक्षेत्रमा नयाँ कार्य हात लाग्नेछ। समस्याको समाधान मिल्ने छ। |
| **मिथुन** : स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। परिस्थिति अनुकूल बनाउन सकिनेछ। | **धनु** : परिवारहरूको सहयोग मिल्नेछ। कमजोरीलाई सुधार गर्ने अवसर मिल्नेछ। |
| **कर्कट** : विरोधीहरू खुट्टा तान्ने प्रयास गर्नेछन्। सहकारी संस्थाबाट लाभ मिल्ला। | **मकर**: पेशामा इमान्दारिताको परिचय दिनुहोला। लगानी लगाउन अवसर मिल्नेछ। |
| **सिंह**: कार्यक्षेत्रमा अनुमानितभन्दा धेरै समय लाग्नेछ।कसैसंग झुठो बाचा नगर्नुहोस। | **कुम्भ** : कार्य सम्पादन गर्नमा समय लाग्नेछ। यात्रा सुनौलो अवसर प्राप्त होला। |
| **कन्या** :कलाको क्षेत्रमा सम्मान बढ्नेछ। समाजमा गरेको शुभ कार्यको चर्चा हुनेछ। | **मिन** : नयाँ सम्पर्कबाट लाभ मिल्नेछ। पारिवारिक समस्याहरूको समाधान हुनेछ। |




निबन्ध — सञ्जीव पौडेल

# असमानता, रिस र चेतना

समाजको विकास र असमानताको इतिहास एकअर्काका सहयात्री हुन् । मानव सभ्यता सुरु हुँदा मानिस समूहमा बाँच्न थाले, तर शक्ति, सीप र स्वार्थका कारण समानता कहिल्यै स्थायी हुन सकेन । सिकार गर्ने जमातमा पनि बलियोले ठूलो जनावरको मासु बढी पाउँथ्यो भने कमजोरले हड्डीमा टाँसिएको मासु चपाउँदै सन्तुष्ट रहनुपर्थ्यो । त्यही बेलादेखि नै समानता र असमानता बीचको द्वन्द्व सुरु भयो, जसले आजसम्म समाजको हरेक तहलाई छोइरहेको छ । बाल्यकालमा मैले भोगेको गरिबी र छिमेकीको सम्पन्नताको दृश्यले बालमस्तिष्कमा गहिरो चोट बन्न पुग्यो “किन मसँग छैन? किन ऊसँग छ?“ । असमानताको पहिलो घाउ त्यहीँ लाग्यो, जसले पीडा, रिस र प्रश्न पनि उठायो । बालमनोविज्ञान भन्छ, जब कुनै बच्चाले आफू र अरू बीचमा असमानता देख्छ, उसको मस्तिष्कमा पहिलो पटक “अन्याय“ को अनुभूति हुन्छ । त्यो अनुभूति नै भविष्यमा परिवर्तनको बीउ बन्न सक्छ । मेरो रिस पनि कुनै व्यक्तिविरुद्ध नभई, परिस्थितिविरुद्ध थियो । बीसौँ शताब्दीको अन्त्य र एकाइसौँको सुरुवातसँगै असमानताले नयाँ रूप लियो । अब असमानता केवल धनको नभएर अवसरको पनि भयो । समाजमा योग्यताभन्दा नाता, सीपभन्दा पहुँचले भूमिका खेल्न थाल्यो । जन्मका कारण अवसर पाउने, अधिकार पाउने, र योग्यतालाई पछि धकेल्ने प्रवृत्ति जनाउने “नेपो बेबी“ भन्ने शब्द यही सन्दर्भमा चर्चामा आयो । यो संस्कृति विश्वका हरेक क्षेत्रमा फैलिएको छ । नेपालमा राजदरबारमा जन्मिएका सन्तानले सामान्य जनताभन्दा असंख्य गुणा बढी सुविधा पाउँथे । त्यो असमानताले जनताको भावनालाई आक्रोशमा रूपान्तरित गर्यो । फलस्वरुप आन्दोलन भयो । राजतन्त्र हट्यो । क्षणभरका लागि समानताको नयाँ युग सुरु भयो । यसरी इतिहासले असमानताको रूप फेरिने तर अन्त्य नहुने देखाएको छ । राजा गए तर “नेता-राजा“ आए । अब असमानता राजनीतिक दल, सरकारी कार्यालय, र संघसंस्थाको रूपमा देखा पर्यो । सम्पत्ति,सेना र ज्ञान शक्तिका श्रोत हुन । यो प्राप्त गर्न मानिस त्यस तर्फ आकर्षित भई रहन्छन् । एक समय जनताको आवाज रहेका राजनीतिक दलका भातृ संगठनहरू सत्ता नजिक पुग्ने माध्यम बने । ट्रेड युनियनले श्रमिकको अधिकार होइन, नेताको स्वार्थ बोल्न थाले । जुन पार्टी सरकारमा पुग्छ, त्यसकै नजिकका युनियन सदस्यहरूको रवाफ बढ्छ । कर्मचारीतन्त्रमा समान अवसर होइन, “कसको पार्टी?” भन्ने प्रश्नले काम गर्छ । सामुदायिक जंगलको समितिदेखि सहकारी र टोलका समितिसम्म राजनीतिक प्रभावमा बन्न थाले । सरकारी काम, ठेक्का-पट्टा सबै ठाउँमा दल नजिकका भातृ संगठन, युनियन र पहुँचको राज चल्न थाल्यो, जसले आर्थिक मात्र होइन, मनोवैज्ञानिक असमानता पनि फैलाएको अनुभव भयो । अहिले समाजमा अर्को एक मानसिकताले त्रसित छ, त्यो हो “जेन जी“ लाई कुनै सुझाव वा प्रश्न गर्न हुँदैन भन्ने । जेन जीका बारेमा केही बोल्यो वा लेख्यो भने पुराना पार्टीको झोले भनेर भाष्य बनाइन्छ । अहिले जेन जीको नाममा कसैले केही गर्दैन भनेर पुलिसलाई हातपात गरेको, जेन जीलाई नि:शुल्क शेयर दिनुपर्यो भनेर विद्युत परियोजनाहरूमा पत्र गएको, र सञ्चालन हुँदै गरेको परियोजना बन्द भएको समाचार आई रहेका छन् । यसले फेरि दलका भातृ संगठनजस्तै जेन जीको नाममा असमानता र मनपरी गर्ने हो कि भन्ने प्रश्न समाजमा उठेको छ । जागिर खाएको साथीको आर्थिक हैसियत आफूभन्दा निकै माथि हुँदा, वा सामान्य भन्सारमा बसेको खरदारको छुट्टै रवाफ देख्दा, महिनाको तलबमा गुजारा चलाउनेको कर्मचारीको मस्तिष्कमा प्रश्न जन्मिन्छ: “म किन कम छु ?“ । यही प्रश्नले फेरि रिस ल्याउँछ । रिस भनेको कुनै असन्तुष्टि, अन्याय, अपमान, वा बाधा अनुभव गर्दा उत्पन्न हुने तीव्र नकारात्मक भावना हो । यसलाई मनोविज्ञानमा एक प्रकारको भावनात्मक प्रतिक्रिया भनिन्छ । मानिसलाई आफ्नो अधिकार, आत्मसम्मान, या इच्छाको रक्षा गर्न प्रेरित गर्छ। रिस पनि एउटा भावना हो । नकारात्मक रूपमा त्यसले विनाश ल्याउँछ, तर सकारात्मक रूपमा त्यसले क्रान्ति जन्माउँछ । नेल्सन मण्डेला वा महात्मा गान्धीले अन्यायप्रति रिसलाई हिंसा होइन, परिवर्तनको उर्जा बनाए । तर नेपालमा रिस प्राय: हिंसा र द्वन्द्वको बाटोमा बगाइन्छ, जसले विवेक हराउँछ र समाज फेरि चक्रमा फस्छ । त्यस्तै चेतना भनेको आत्म-सजगता वा जागरूकताको अवस्था हो । मानिसलाई आफू, वरिपरि भएका वस्तुहरू, विचारहरू, भावना र घटनाको बोध र नियन्त्रण हुन्छ । मनोविज्ञान र दर्शन दुवैका दृष्टिले चेतना मानव अस्तित्वको केन्द्र हो । खुशी हुँदा मुटु न्यानो महसुस गर्छ भने रिस उठ्दा एड्रेनालिन बढ्छ, शरीर तातिन्छ, बोली कडा हुन्छ । त्यो आन्दोलनमा आफ्ना हतियार लुटिंदा र आफुलाई नाङ्गै बनाउँदा प्रहरीले हातमा भएको हतियार रिसमा चलाएको भए केहि हजार मान्छे हताहती हुने थिए । प्रहरीले रिसले होइन संयमितता अपनाएर र चेतनाले काम गर्दा आफु हारेर पनि मानिसको ज्यान बचाएको देखिन्छ । नेपालको हालको “जेन जी आन्दोलन“ पनि एक किसिमको भावनात्मक विस्फोट हो । यो पुस्ताले पुरानो नेतृत्व, नातावाद र भ्रष्टाचारको विरोध गरेको छ, जुन सकारात्मक कुरा हो । तर समस्या त्यहाँ सुरु हुन्छ, जब स्वतन्त्रताको नाममा दायित्व हराउँछ । कतिपय जेन जी कार्यकर्ताले “हामीलाई जे गर्न पनि छुट छ“ भन्ने सोच विकसित गर्न थालेका छन् । प्रहरीमाथि हातपात गर्ने, हाइड्रोपावर परियोजना रोक्ने जस्ता मानसिकताहरू नयाँ असमानताका लक्षण हुन् । यदि सरकार र नागरिक दुवै “हामी नै कानुन“ भन्ने सोचमा पुगे भने, त्यो समाज समान होइन, अर ाजक हुन्छ । विश्व बैंकको तथ्याङ्कअनुसार बहुदल आए पछि नेपालमा भौतिक पूर्वाधार, शिक्षा,स्वस्थ्य, प्रतिव्यक्ति आय र मानव विकास सूचकांकमा सुधार भएको छ । बैकिङ्ग पहुंच ग्रमिणसम्म पुगेको छ । स्वास्थ्य सेवामा सामान्य नागरिकको पहुँच राम्रो भएको छ तापनि, केही भ्रष्ट व्यक्तिहरूका कारण असमानता बढेको सत्य हो । बहुदलपछि पत्रकारिता स्वतन्त्रताको अर्को नाम बन्यो । तर यो स्वतन्त्रता कहिलेकाहीँ जिम्मेवारीविहीन भयो । टिभी रेटिङ्ग र भ्यूजको लोभमा कतिपय मिडिया र युट्युबरहरूले नकारात्मकता बेच्न थाले । सामाजिक सञ्जाल नयाँ धर्मजस्तो भयो । मानिसहरू फेसबुक, टिकटक, र युट्युबबाट नै सत्य असत्य छुट्याउन नसकिने हुनथाले । अनलाइन खबरको अनुसन्धान अनुसार ३४ प्रतिशत नक्कली खाता सामाजिक सञ्जालमा सक्रिय छन् । तीनले नै आन्दोलनमा अफवाह फैलाउँने र समाजमा अस्थिरता ल्याउँने काम गरेको देखिएको छ । समानता भन्नाले सबैले एउटै कुरा पाउनु होइन । सबैले आफ्ना क्षमताअनुसार अवसर पाउनु हो । असमानता तब घट्छ जब समाज “मेरो भन्दा ऊ बढी पायो“ भन्ने तुलना होइन, “ऊस्ले पायो, म पनि प्रयत्न गर्छु“ भन्ने सोचमा पुग्छ । दार्शनिक दृष्टिले समानता आत्म-ज्ञानसँग सम्बन्धित छ । गीता भन्छ– “समोऽहं सर्वभूतेषु“ (म सबै प्राणीसँग समान छु) । बुद्धले पनि दु:खको मूल तुलना र तृष्णा हो भनेका थिए । जब हामी अरूसँग तुलना गर्छौं, असमानताको बीउ रोपिन्छ । यसैले समानता कानुनी मात्र होइन, आध्यात्मिक अवधारणा पनि हो । समाजले समानता ल्याउन कानुन बनाउन सक्छ, तर मनमा शान्ति ल्याउन चेतना आवश्यक छ । रिसलाई दमन गर्नु होइन, दिशा दिनु जरुरी छ । रिस ऊर्जा हो । अन्याय देखिँदा रिस उठ्नु स्वाभाविक हो, तर त्यो रिस तोडफोडमा होइन, सोच र सिर्जनामा रूपान्तरण हुनुपर्छ । नेपालमा अहिले असमानता, भ्रष्टाचार र अवसरवादले फेरि रिसको वातावरण बनाएको छ । यही रिसलाई यदि शिक्षामा, सामाजिक सचेतनामा, र प्रणाली सुधारमा केन्द्रित गर्न सकियो भने, त्यो राष्ट्र-निर्माणको इन्धन बन्न सक्छ । तर यदि रिसलाई सामाजिक सञ्जालको अफवाह, भीडको उत्तेजना, वा हिंसात्मक आन्दोलनले कब्जा गर्यो भने, त्यो आगोले घर मात्र होइन, जीवनको मूल्य पनि जलाउँछ । जबसम्म हामी रिसलाई समझदारीमा, भावनालाई विवेकमा, र स्वतन्त्रतालाई जिम्मेवारीमा रूपान्तरण गर्न सक्दैनौं तवसम्म असमानता नयाँ रूप लिएर फर्किरहन्छ । समानता केवल राज्यले वितरण गर्ने वस्तु होइन । त्यो चेतनाको अवस्था हो । जुन दिन हामीले आफ्नो मनमा असमानताको रीस होइन, समानताको करुणा भर्न सक्यौं । त्यो दिन समाज साँच्चै विकसित कहलिनेछ । रिस भावना हो । चेतना जागरूकता हो । रिस चेतनाको अधिनमा रह्यो भने मानिसले त्यसलाई नियन्त्रण गर्न सक्छ । तर चेतना कमजोर भयो भने रिसले नै सोच र व्यवहारलाई नियन्त्रण गर्न थाल्छ तव उ विनासको बाटोतिर लाग्छ ।

*-समकालीन साहित्य डटकम*

> राजा गए तर “नेता-राजा“ आए । अब असमानता राजनीतिक दल, सरकारी कार्यालय, र संघसंस्थाको रूपमा देखा पर्यो । सम्पत्ति,सेना र ज्ञान शक्तिका श्रोत हुन । यो प्राप्त गर्न मानिस त्यस तर्फ आकर्षित भई रहन्छन् ।

कथा — माया ठकुरी

# पाहुना



“आउनुहोस् । आउनुहोस् !!” म अनुहारमा कृत्रिमता भए पनि आनन्दका रेखा ल्याउने प्रयत्न गर्दै पाहुनातिर हेरेर मुस्कुराउँदै भन्छु । म साँच्चै नै चाहिएको भन्दा धेरै मात्रामा सफल भएछु क्यार, र त पाहुनाले पनि सुटकेस तल राख्दै भने, “खड्काज्यू । तपाईंको यो हँसिलो अनुहारले साँच्चै मलाई‘मात्र होइन, मेरा जम्मै परिवारसम्मलाई मोहनी लाएको छ यसैले म एक्लै शिलाङ आएर घुम्नु पनि हुन्छ र असल कुरो तपाईंसँग भेटघाट पनि हुन्छ भनेर आउन खोजेको त घरका जम्मै गृहिणीबाट लिएर पाँचवटा छोराछोरी पनि पछि लागेर आए ।” मेरो टाउकोमा नै ताकेर कसैले बन्दुक पड्काएझैँ लाग्छ । म टाउको समाएर बस्न खोज्छु (अघि आफू बसेको मुढा त नानीहरूले कति बेला भित्र पुरह्याइसकेछन् ।) म सोझै भुइँमा थचारिन पुग्छु । थपडी मार्दै हाँसेको सुनेर यसो हेर्छु त पाहुनाका चिचिन्डाहरू थपडी मार्दै मरीमरी हाँसेका । म केही नभएझैँ गरेर सुस्तसाथ उठेर, “उर्वशी । ए उर्वशी !!” भन्दै भीमकी आमालाई बोलाउँछु । धेरैपल्ट बोलाउँदा पनि नसुनेकोमा (हुन त पाहुनाको गन्ध पाउने बित्तिकै ऊ बहिरी हुन्छे) म आफैं भित्र पस्छु र ओछ्यानमा भित्तातिर मुख गरेर सुतिरहेकी पत्नीलाई झकझकाउँदै भन्छु, “उर्वशी । उठ् त, बाहिर...” मेरो कुरो नसकिदै उर्वशी फनक्क मतिर फर्केर भन्छे, “के हो ? यसो टाउको दुखेर पल्टनु पनि नहुने, बोलाएको बोलायै गर्ने ।” उर्वशी नबोलेर बस्दा त उसका दुईपट्टिका दाढे दाँतका टुप्पा ओठबाहिर देखा पर्थे, झन् अहिले मुख चलाउँदा त ती लामालामा दाँत स्पष्ट देखिएर उसको कलकलाउँदो अनुहार र नेप्टो नाकलाई अझ विकृत पारिदिएको थियो । उसको नाउँ सुनेर नै मक्ख परी गाउँलेका भनाइमा लागेर पात्रो नहेरेर नै आमाबाबुको आज्ञाकारी पुत्र श्रवणकुमार होइटोपलेको मलाई थाहा थिएन मानिसको नाउँ र रूपमा त्यतिको फरक हुन्छ भनी । तर हिजोआज प्रत्येक वस्तुको बाहिरी लेबल हेरेर नै मोल तोकिन्छ, भित्री चाहे जस्तोसुकै होस् भन्ने सोचेर मन बुझाएँ । मानिसको पक्षमा पनि त यो व्यवहार गर्न सकिन्छ नि । तर ठगिनु त ठगिनु राम्रै चालले ठगिनु । कहाँ इन्द्रकी अप्सरा उर्वशी अनि कहाँ मजस्तो मरन्च्याँसे करडेकी पनि अप्सरा हुन नसुहाएकी यो उर्वशी । जे होस् भाग्यमाथि गुनासो गर्दागर्दै तीन-तीनवटा छोराछोरी पनि भैसके । अब त कहिलेकहिले यसो उर्वशीलाई हेरिरहँदा म उसलाई साँच्चै नै अप्सरा र आफूलाई इन्द्र सम्झन लागेको छु । भान्सा गरीवरी पाहुनाले घुम्न जाने प्रस्ताव राखे र म पाहुनाको बथान लिएर हिँडें- शिलाङको चिसो हावा खुवाउन । दिनभरिमा यताउता गरेर रुपियाँ गोडा पन्द्रेक उपियाँ जत्तिकै फड्केछन् । खर्च गर्दिनँ भन्दाभन्दै पनि आफ्नो प्रेस्टिज राख्नको निम्ति ती केटाकेटीले खान्छु भनेको, श्रीमती (पाहुनाकी) ले “हिँड्न सक्तिनँ, टेक्सीमै जाऊँ” भनेकोले खर्च भैहाल्यो, तर घरभित्र पाइलो राख्दानराख्दै ती छौंडाहरू मेरा छोराछोरीलाई बखाल्न लागे, “हामीलाई काकाले मिठाई खुवाउनुभो, टेक्सीमा घुमाउनुभो...” इत्यादि । भो त अब । लागे मेरो घरका बाँदरहरू (छोराछोरी) पनि उफ्रन र खुट्टा बजार्न । उता मेरी श्रीमतीको रङ्ग बदलिएर नीलो हुँदै गयो अनि मेरो चाहिँ भित्रभित्रै नौनाडी गलेर आए । पाहुना ! पाहुना !! पाहुना पनि साँच्चै नै मेरो घरमा त कति आएका हुन् कोनि । महिनाको २०/२२ दिन पाहुनाले गर्दा खाटको अनुहार नै देख्दिनँ । कारण, पाहुनालाई भुइँमा ओछ्यान लाइदिएर आफू पलङमा सुत्नु पनि नसुहाउनाले, भन्नोस् मन मान्दैन र पलङ उनीहरूलाई छोडिदिए आफू घरकाहरूचाहिँ चूलाकोठामा यसो फाटेका बोरा टुक्राहरू गाँसेर बनाइएका गदेला ओछ्याएर ढाड सोझ्याउनुपर्छ । घरका जहान पनि किन वाक्क नहुन् । आफ्नो घरको पिरलो त छँदैछ, त्यसैमाथि पाहुनाको ठस्सा सहनुपर्ने । भएन यो चर्को दामको समयमा एक्लो मानिसको सीमित आयमा यसै त पाँच-पाँच जना (तीनवटा छोराछोरी र हामी दुई जना) प्राणीको भुँडी भर्नुपरेको छ, त्यसैमाथि पाहुना पनि कस्ता माछामासु नभए खान्की घिस्रोबाट तल नझर्ने । ठाउँ हेर्ने सोख तर गाडीभारा तिर्न भनेपछि अनकनाउने र कतिले त “ए हतारमा मनिबेग पनि घरैमा पो बिर्सिएछु” भनेर घर फर्कने खर्चसम्म माग्ने । साँच्चै नै मलाई कहिले कहिले त कसैलाई नचिनूँ र चिनेकालाई पनि बिर्सिदिऊँ कि झैँ लाग्छ । तर के गर्नु स्मरणशक्ति तेज भएकोले कहिल्यै यसो दुई मिनेट देखेको मानिसलाई पनि वर्षौंपछि भेट्दा पनि चिनिभ्याउँछु र उसले “तपाईंले शिलाङ घुम्न आउनुहोला भन्नु भएको थियो ।” भन्दै उसका शाखासन्तान लिएर घरमा आएर मेरो अघि ठिङ्ग उभिदिँदा पो मलाई त त्यसै बेला धरती फाटिदिएर सीताझैँ म पनि धरतीभित्रै पसेर बिलाउन सके त हुन्थ्यो झैँ लाग्दछ । तर यहाँ आजको युगमा न त सीता नै हुन सकिन्छ न त धरती नै फाट्छ । मेरो परिस्थिति चाहिँ “भीरको चिन्डो, उँधो न उँभो” भनेझैँ पाहुनालाई खेद्न पनि सक्तिनँ, यता श्रीमतीको मन पनि दुखाउन चाहन्नँ ( तर खास कुरो चाहिँ उसको मन दुखेकोमा मलाई उति वास्ता छैन, मात्र ऊ ठुस्किई भने भात खान नपाएर मेरो आन्द्रा सुक्छ कि भन्ने पीरले मात्र हो नि । तर उसका कानमा यो कुरा नपरोस् नि । तपाईं र ममा मात्र सीमित रहोस् है ।) छोराछोरी पनि मेरा त कस्ता हुन् कोनि । यो भीम सानोमा निकै गोथल्के देखिन्थ्यो र बाहुनले न्वारनमा राखिदिएको नाउँ सिन्केबहादुर नभनेर मैले आफै नाउँ राखिदिएँ “भीम” । भर शास्त्र झूटो कहाँ हुन्थ्यो र ? दिनदिनै उही बाहुनले राखेको नाउँलाई पहिल्याउँदै सिन्काझैँ हुँदै गयो र अहिले त ऊ मेरो छोरो होइन भन्दा पनि “हो” भनेझैँ करङ बाहिरैबाट गनिन सकिने र आमाको नाक र दाँतसमेतलाई लिएर बढ्दैछ । अरूको पनि चाला उही त होला। अब त “ठूलो भएपछि मात्र आफैं सलक्क हुन्छ, अहिले त दूधे गालाले गर्दा नेप्टो देखिएको हो” भन्ने कुरामा ठ्याम्मै विश्वास गर्न छोडो । पाहुनाले “आज त सारै नै हरिणको मासु खान मन लागेको छ” भनेर उनकी श्रीमतीसँग मासु ल्याउने पैसा माग्दा “यो घर हो र मैले बाकस खोलेर पैसा दिनु ।” भन्ने उत्तर पाएर दुईको माझमा तर्क परेर चरम सीमामा पुग्न आँट्दा मैले “हुन्छ म ल्याइहाल्छु नि मासु त, तर यहाँ हरिणको मासु आलो नपाइएला जस्तो छ त...” भन्दा पाहुनाले आफ्नै दुई वटा आँखाले बजारभरि हरिणको मासु काटेर बेच्तै गरेको प्रमाण दिन मसँग उत्तिनखेर जान तयार भए । अब पर्‍यो मलाई फसाद । बाकसमा भएको अन्तिम पुँजी दशको नयाँ नोट झिकेर हिँडो झोला बोकेर पाहुनासित बजारतिर । अघिअघि छिटछिटो खुट्टा चाल्दै हिँडेको पाहुना ( मानौँ मासु हामी बजार पुग्दासम्ममा बेचिसकिन्छ भनेझैँ) र पछिपछि लतरङ्ग परेर हिँडेको म, बलि दिन लगिएको बोकोझैँ । बजार गरीवरी घर फर्कंदा दैलोभित्र पस्दानपस्दै छोराछोरीले पञ्चेबाजा ठोकेर घरै उचालेको सुनेर भित्र पसी हेर्छु त घरमा भएको त्यही माझमा चर्किएको भए पनि मुखमण्डल हेर्ने एक मात्र साधन ऐनाका असङ्ख्य टुक्रा भुइँभरि छरपस्ट भएर टल्केका र भीमको त्यही नेप्टे भए न ‘छ’ भन्ने नाकको ससाना प्वालबाट अबिरल गतिले रगत बगेर उसको करङे छाती, मुख जम्मै रक्ताम्मे पारेर उत्तानो परी नरकासुरको रूप धारण गरेर पल्टेको, अनि छेवैमा उभिएका थिए पाहुनाका चिचिन्डाहरू कम्मरमा हात राखेर युद्धविजय गरेका योद्धाहरूझैँ । रोएको को रहेछ त भनेर यसो हेर्छु त मेरा दुई वटा छोराछोरी सुँक्कसुँक्क गर्दै कुनामा उभिएका (शायद म आएको चाल पाएर पञ्चेबाजाको स्वर कमाएका होलान्) श्रीमतीहरू कता गएछन् त भनेर भित्र चूलामा पसेर हेर्छु मेरी चाहिँ एउटा कुनामा ओछ्यान लाएर भित्तासित मितेरी लाएर पल्टिरहेकी अनि पाहुनाकी चाहिँ सुटकेसमा लुगा मिलाउँदै गरेकी र केटाकेटी पनि बिहानदेखि भोकाएका र आफैलाई पनि भोक लागेकोले आफैँ भान्साकोठामा पसो र मीठोमसिनो जेजस्तो भए पनि पकाएर खुवाएँ । खाइसकेपछि पाहुनाले अप्ठ्यारो मान्दै जाने खर्च रिनकै रूपमा मागे अनि उनी घर पुग्नेबित्तिकै टी.एम. ओ. गरेर पठाउने बाचा पनि गरे (टी. एम. ओ. गरेर पठाउने बाचा गरी अरू दुई-एक जनाले पनि पैसा लगेका हुन् तर अहिलेसम्म टी.एम. ओ. आइपुगेको छैन) र पनि उनीहरू जान्छन् भनेको सुनेर हतारहतार पर हरिहरकहाँबाट सयकडा दशको हिसाबले पचास रुपियाँ ल्याएर पाहुनालाई चालिस रुपियाँ दिएर बिदा गरेँ । पाहुनालाई बिदा गरेको भोलिपल्ट बचेको दश रुपियाँले बजारमा गएर खसीको मासु (फिलाको हेरेर) आधा किलो र मरमसला पनि ल्याएँ, साथै छोराछोरीका लागि बेलुन र उर्वशीका निम्ति जाफरानी जर्दा (जो उसले चौपट्टै रुचाउँछे) लिएर आएँ । “अँ... चार दिनको क्याजुअल लिभ त यसै गयो भने आज पनि आरामै गरूँ” भन्ने सोचेर जर्दा पाएर फुरुक्क परेकी उर्वशीलाई भान्साकोठातिर पठाएर म यसो ओछ्यानमा ढल्केर पत्रिका पढ्दै थिएँ, छोराछोरी बेलुन पाएर र मासुको गन्ध पाएर उफ्रँदै थिए-हठात् कसैले ढोका ढकढकाएझैँ सुनो । प्रथमत: भ्रम भन्ठानो तर क्रमश: तीव्र हुँदै गएको शब्दले मलाई उठ्नै करै लाग्यो । आर्मस्ट्रोङ चन्द्रमामा पुग्न खोज्दा जत्तिको फदयगति बढेझैँ लाग्छ । म मन नगरी नगरी दैलो खोल्छु भनन रिङटा लाग्छ अनि अन्धकारैअन्धकार । आँखा खुल्दा आफूलाई ओछ्यानमा र चारैतिर नयाँ पाहुनाका हूल पाउँछु । म धमिलिँदै गएका आँखाले गन्ने प्रयास गर्छु- “एक, दुई, ती... ई... ई... ई ।”

*-साहित्यपोस्ट डटकम*


# अवैध लागूऔषध सहित चार जना पक्राउ



**पाल्पा,** असोज २९/देशका विभिन्न स्थानबाट अवैध लागूऔषधसहित चार जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार दाङ, मोरङ, झापाबाट अवैध लागूऔषधसहित चार जना पक्राउ परेका हुन् ।

दाङको घोराही उपमहानगरपालिका-१६ बाट अवैध लागूऔषधसहित एक जना पक्राउ परेका छन् । ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ५० मिलिग्राम सहित सोही उपमहानगरपालिका-१५ तुलसीपुर चोक डेरा गरी बस्ने सल्यान शारदा नगरपालिका-६ हलचौर घर भएका २२ वर्षीय दिपक रेउलेलाई प्रहरीले पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय दाङबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यस्तै झापाको मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट अवैध लागूऔषधसहित अर्को एक जना पक्राउ परेका छन् । खैरो हेरोइन जस्तो देखिने पदार्थ १ सय ३० मिलिग्राम सहित सोही नगरपालिका-७ पालिया बस्ने २२ वर्षीया गीता दमाईलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी झापाको मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट पनि प्रहरीले अवैध लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ । खैरो हेरोइन जस्तो देखिने पदार्थ ९ सय १० मिलिग्राम सहित इलाम माई नगरपालिका-८ बस्ने २५ वर्षीय कालन लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय काँकरभिट्टा समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै मोरङको विराटनगर महानगरपालिका-१५ एक नम्बर ढाँटबाट अर्को एक जना पक्राउ परेका छन् । अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ७ सय २० मिलिग्रामसहित सुनसरी इटहरी उपमहानगरपालिका-८ बस्ने ३२ वर्षीय आसिफ आलमलाई प्रहरीले पक्राउ गरेको हो । इलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको छ ।

# आज नेपालमा पनि विश्व खाद्य दिवस मनाइँदै




**पाल्पा,** असोज २९/विहीबार ४५ औं विश्व खाद्य दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदैछ । संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठन एफएओद्वारा सन् १९४५ मा विश्व खाद्य दिवस मनाउन थालिएको हो ।

नोभेम्बर १९७९ मा भएको २० औं एफएओ सम्मेलनमा यसलाई मान्यता दिइएको थियो । त्यसयता हरेक वर्षको अक्टोबर १६ को दिन विश्वभर खाद्यान्न संकट र भोकमरीविरुद्ध ऐक्यबद्ध भई लड्न विश्व खाद्य दिवस मनाइन्छ । सन् १९७१ मा राष्ट्र संघको २० औं साधारण सभाले खाद्य तथा कृषि संगठनको स्थापनाको अवसरमा दिवस मनाउने प्रस्ताव पारित गरेपछि सन् १९८१ अक्टोबर १६ तारिखदेखि यो दिवस मनाउन थालिएको पाइन्छ । नेपालले सन् १९५१ नोभेम्बरमा खाद्य तथा कृषि संगठनको सदस्यता पाए पनि २०३८ साल (सन् १९८१) देखि यो दिवस मनाउँदै आएको छ । विश्वमा प्रत्येक वर्ष अक्टोबर १६ मा मनाइने विश्व खाद्य दिवस अक्टोबर महिनाभरी उपयुक्त मितिमा मनाइने प्रचलन अनुसार नेपालले यस वर्ष राष्ट्रियस्तरमा आज मनाउन लागेको छ । विश्वव्यापी रूपमा स्वच्छ, पोषणयुक्त सन्तुलित भोजनको महत्वबारे जनचेतना जगाउन, भोकमरीबाट पीडित वर्गलाई उत्थान गर्नका लागि गरिने विभिन्न कार्यहरूलाई प्रवर्द्धन गर्न तथा सबैका लागि स्वास्थ आहार सुनिश्चित गर्न उक्त दिवस मनाइने भएको हो । प्रदेश र स्थानीयतह तथा अन्य कृषिसँग सम्बन्धित संघ संस्थाले भने विश्व खाद्य दिवस मनाइरहेका छन् । कृषि प्रधान मुलुक नेपालमा झण्डै ८० प्रतिशतभन्दा बढी मानिसहरु कृषिमा निर्भर रहेका कारण यहाँ तिव्र भोकमरीको समस्या नभएपनि बेला बेलामा आउने भूकम्प र कोरोना महामारीका कारण खाद्य संकट उत्पन्न हुने गर्दछ ।

## खेलकुद समाचार

# पाकिस्तानले अफ्रिकालाई ९३ रनले हरायो



**काठमाडौं,** असोज २९/दक्षिण अफ्रिकासँगको पहिलो टेस्ट क्रिकेटमा घरेलु टोली पाकिस्तान ९३ रनले विजयी भएको छ । पाकिस्तानले दिएको २ सय ७७ रनको लक्ष्य पछ्याएको दक्षिण अफ्रिका चौथो दिनको चिया समयअघि १ सय ८३ रनमा अलआउट भयो । दक्षिण अफ्रिकाका डेवाल्ड ब्रेभिसले ५४, रायन रिकेल्टनले ४५ रन बनाए । पाकिस्तानका नोमान अली र शाहीन शाह अफ्रिदीले ४/४ विकेट लिए । दोस्रो पारीमा पाकिस्तान १ सय ६७ रनमा अलआउट भएको थियो । पाकिस्तानका बाबर आजमले ४२, सउद शकीलले ३८ रन बनाए । दक्षिण अफ्रिकाका सेनुरन मुथुसामीले ५, सिमोन हार्मरले ४ विकेट लिए । यसअघि लाहोरको गद्दाफी स्टेडियममा टस जितेर पहिलो पारीको ब्याटिङ गरेको पाकिस्तानले ३ सय ७८ रन बनाएको थियो । पाकिस्तानका इमाम उल हक र सलमान अघाले समान ९३, कप्तान शन मसूदले ७६, मोहम्मद रिजवानले ७५ रन बनाए । दक्षिण अफ्रिकाका सेनुरन मुथुसामीले ६ विकेट लिए । दक्षिण अफ्रिकाले पहिलो पारीमा २ सय ६९ रन बनाएको थियो । दक्षिण अफ्रिकाका टोनी डे जोर्जीले १ सय ७, रायन रिकेल्टनले ७१ रन बनाए । पाकिस्तानका नोमन अलीले ६ विकेट लिए । योसँगै २ खेलको टेस्ट शृङ्खलामा पाकिस्तानले १-० को अग्रता लिएको छ । शृङ्खलाको दोस्रो तथा अन्तिम खेल आउँदो कात्तिक ३ गतेदेखि रावलपिन्डीमा शुरू हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# कारोबारसँगै घट्यो नेप्से



**पाल्पा,** असोज २९/कारोबार रकमसँगै नेप्से घटेको छ । बुधबार सेयर बजारमा कारोबार रकमसँगै नेप्से परिसूचक घटेको हो ।

अघिल्लो दिनको तुलनामा नेप्से परिसूचक २२ दशमलव ५८ अंक घटेको हो । सो गिरावटपछि नेप्से २ हजार ५ सय ५ अंकमा झरेको छ । २:५९ बजे नेप्से २ हजार ४ सय ९९ अंकसम्म झरेकोमा अन्तिम एक मिनेटमा ६ अंक सकारात्मक देखियो । कारोबार रकम केही घटेको छ । अघिल्लो दिन ३ अर्ब ३६ करोडको कारोबार भएकोमा बुधबार ३ अर्ब १० करोडको भयो । ४० कम्पनीको मूल्य बढ्दा २ सय ६ को घट्यो भने पाँचको स्थिर रह्यो । म्युचुअल फन्डबाहेक सबै समूहका सूचक घटेका छन् । म्युचुअल फन्ड ० दशमलव २४ प्रतिशत बढ्यो । व्यापार सबैभन्दा धेरै २ दशमलव ०९ प्रतिशत घट्यो । बैंकिङ ० दशमलव ५४, विकास बैंक १ दशमलव १४, फाइनान्स १ दशमलव १०, होटल तथा पर्यटन १ दशमलव ०६, हाइड्रोपावर १ दशमलव १८, लगानी ० दशमलव ९८, जीवन बीमा ० दशमलव ७५, उत्पादन तथा प्रशोधन ० दशमलव ३९, माइक्रोफाइनान्स ० दशमलव ५६ प्रतिशत घटे । त्यस्तै निर्जीवन बीमा ० दशमलव ६५ र अन्य समूह १ दशमलव २२ प्रतिशत घटे । समता घरेलु लघुवित्तको मूल्य सबैभन्दा धेरै ६ दशमलव ९३ प्रतिशत बढ्यो । क्रेस्ट माइक्रोलाइफको ३ दशमलव ६२ तथा मातृभूमि लघुवित्तको ३ दशमलव १३ प्रतिशत बढ्यो । दुई कम्पनीको मूल्य १० प्रतिशत घटेको छ । समाज लघुवित्त र भूगोल इनर्जीको मूल्य १० प्रतिशत घट्यो । मनकामना इन्जिनियरिङ हाइड्रोपावरको ५ दशमलव ८७, पन्चकन्या माइ हाइड्रोको ५ दशमलव ७५ तथा ग्रिन डेभलपमेन्ट बैंकको ५ दशमलव ०२ प्रतिशत मूल्य घट्यो । धेरै कारोबार भएका कम्पनीमा नेपाल पुनर्बीमा, हिमालयन रिइन्स्योरेन्स, युनियन हाइड्रोपावर, बुटवल पावर र हिमालयन डिस्टिलरी क्रमश: अगाडि रहे ।

# धमाधम सुक्न...

...तालमा एकाएक पानी सुक्न थालेपछि आफूहरू अचम्मित भएको किसानले बताए । "पाँच-छ वर्ष अगाडि पानीले भरिभराउ ताल अहिले पूरै रित्तै छ, ताल ठूलो थियो, सफा पानी हुन्थ्यो, हामी सानो हुँदा यही पानी भरेर खान्थ्यौं", उनले भने, "तालमा डोजर लगाउनु हुँदोरैनछ, पानी रोक्नलाई गाउँपालिकाले सिमेन्टको पर्खाल लगायो, तर तालको पानी सबै सकियो ।" तमानखोला गाउँपालिकाले पनि काललाई व्यवस्थित गर्न ३० लाख लगानी गरेर संरक्षण थालेको थियो । तर अहिले संरक्षण गर्दा उल्टै ताल नै सुक्न थालेको छ । गाउँपालिकाले ताल संरक्षणका लागि तारबार लगाउनुका साथै त्यस वरपर थुप्रै पर्यटन पूर्वधार निर्माण गरेको छ । गाउँपालिका अध्यक्ष जोकलाल बुढामगरले पानीको स्रोत भएको ठाउँमा डोजर प्रयोग गर्दा मुहान नै सुक्ने बताए । पालिकाले व्यवस्थित गर्न डोजर चलाउँदा विभिन्न ठाउँमा पानीको मुहान सुकेपछि अहिले त्यस्ता ठाउँमा मेसिन प्रयोग गर्न छाडेको बताए । त्यसैगरी, बागलुङ नगरपालिका-१० स्थित भकुण्डेको बराहतलमा पनि पानी केही कम भएको पाइएको छ । बागलुङ बजार नजिकै रहेको यो ताल पर्यटकीय गन्तव्य बनेको छ । अन्य तालका तुलनामा यसमा पानी अलि बढी छ । यहाँ बिदाको समय धेरै पर्यटक पुग्ने गरेका स्थानीय बताउँछन् । बागलुङ र रुकुमपूर्वको सिमानामा रहेको रिगतालमा पनि निसीखोला गाउँपालिकाले डोजर चलाएपछि पानी घटेको स्थानीयको भनाइ छ । मध्यपहाडी लोकमार्गमा पर्ने पातीहाल्नेभन्दा केही माथिपट्टि पर्ने यस तालमा दैनिक पर्यटक पुग्ने गर्छन् । तर पानीको मात्रा घट्दै गएपछि ताल संरक्षणमा चुनौती बढेको छ ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई